जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ | अंक २६१ | २०७९ साल जेठ १० गते मंगलबार (24 May 2022 Tuesday) | मूल्य रु. ५/-

ट्राफिक नियमको पालना गरौं।

- बाटो काट्दा जेब्रा क्रसिंगको प्रयोग गरौं,
- सडक बत्ति हेरेर मात्र बाटो काटौं,
- सडक तथा सडक किनारामा सवारी साधन जथाभावी पार्किङ्ग नगरौं,
- तोकिएको स्थानमा मात्र सवारी साधन पार्किङ्ग गरौं,
- पैदलयात्रीले फुटपाथ तथा आकासे पुलको प्रयोग गरौं।

सडक दुर्घटनाबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं !

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : सरकारको नीति तथा कार्यक्रम... ३ पृष्ठमा : सेवाग्राही आफैंले चालक.. ३ पृष्ठमा : सुडानमा चरम खाद्य ...

## बस पार्क निर्माणदेखी अतिक्रमण मुक्त नगरसम्मको नव मेयर यादवको प्रतिबद्धता



**दैनिक समाचारदाता**
**राजविराज, ९ जेठ ।**

राजविराज नगरपालिकाको नयाँ नगर प्रमुख भिमराज यादवसहित उपप्रमुख र वडाअध्यक्षहरुले सोमबार एक कार्यक्रमबीच सपथग्रहण तथा पदभार ग्रहण गरेका छन् ।

नगरपालिका परिसरमा आयोजित कार्यक्रममा पदभार ग्रहण गर्दै नगर प्रमुख यादवले नागरिकको सरोकारको सम्पूर्ण विषयलाई समेट्दै र क्रमिक रुपमा समाधान गर्दै अघि बढ्ने प्रतिबद्धता जनाए ।

पदभार ग्रहणका क्रममा नगर विकास सँग सम्बन्धी आधा दर्जनभन्दा बढी निर्णयहरुमा हस्ताक्षर गरेका उनले बसपार्क निर्माण, हटिया ब्यवस्थापन, अतिक्रमिक मुक्त नगर, फोहरमैलाको व्यवस्थापन र सरसफाई लगायतका काम तिब्र गतिमा अघि बढ्ने बताए ।

अरु विकास निर्माणका साथै स्थानिय सरकारको महसुस हुने गरि आफू सबैको साथ सुझाव र सहयोग लिएर अघि बढ्ने र राजविराजलाई नमूना नगरको रुपमा विकास गरेर देखाईदिने उदघोष समेत उनले गरे ।

प्रमुख प्रशासकीय अधिकृत भोगेन्द्र प्रसाद यादवको अध्यक्षतामा आयोजित समारोहमा प्रमुख अतिथि भौतिक पूर्वाधार तथा यातायात मन्त्री रेणुकुमारी यादव, तत्कालिन संविधानसभा सदस्य रन्जु झा, पूर्व मन्त्री उमेश यादव, पूर्व मेयर गोबिन्द सिंह, पूर्व निर्वाचन आयुक्त डा. अयोधि प्रसाद यादव, उद्योग बाणिज्य संघका अध्यक्ष लालुप्रसाद अग्रवाल, नागरिक समाजका अध्यक्ष थानसिंह भंसाली, पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवण कुमार देव लगायतले शुभकामना दिएका थिए ।

## एक मतले पराजित उम्मेदवारद्वारा पुनःगणनाको माग



**दैनिक समाचारदाता**
**राजविराज, ९ जेठ ।**

राजविराज नगरपालिका वडा नं. ४ का वडा अध्यक्षका स्वतन्त्र उम्मेदवार कासिम अन्सारीले आफू एक मतले पराजित हुनुमा मतगणनामा गडबडी भएको भन्दै पुनःमतगणनाको माग गरेका छन् ।

सोमबार राजविराजस्थित नेपाल पत्रकार महासंघ सप्तरी शाखाको सभाकक्षमा पत्रकार सम्मेलनको आयोजना गरि उनले मतदानमा खटिएका कर्मचारीले गडबडी गरेको आरोप लगाउँदै आफू अन्यायमा परेको दुखेसो पोखेका छन् ।


वडाको मतगणनामा उनी जनता समाजवादी पार्टी (जसपा) का दिनेश साहसँग एक मतले पराजित भएका थिए । साहले ३ सय ११ मत ल्याउँदा अन्सारीले ३ सय १० मत ल्याएको निर्वाचन अधिकृतको कार्यालयले सार्वजनिक गरेको अन्तिम परिणाममा देखिएको छ ।

अन्सारीले मतगणा कार्य भइरहँदा आफ्नो प्रतिनिधिलाई समेत सहभागि नगराइएको जानकारी गराउँदै आफू न्यायका लागि अदालतमा जाने तयारीमा रहेको बताए । उनले मतगणनामा खटिएका कर्मचारीको बेवास्ता तथा बिजयी घोषित गरिएका पक्षका प्रतिनिधिको दबाबमा परिणाम उलटफेर भएको दाबी समेत गरेका छन् ।

फुल छाप चुनाव चिन्ह पाएका अन्सारीले आफ्नो चुनाव चिन्हमा मत संकेत गरिएका एक दर्जन भन्दा बढी मतपत्र जसपाका प्रतिनिधिको दबाब र विभिनन बहानामा बलजफ्ती बदर गरिएको दाबी गर्दै भने, पुनः गणना गरिए दुधका दुध र पानी आफै छुटिन्छ ।

दोहोर्‍याएर मतगणना गर्न अनुरोधसहित निर्वाचन अधिकृतको कार्यालयमा मतगणना सकिए लगत्तै उनले निवेदन पनि दिएका थिए । तर, मतगणना कार्य समाप्त भई मतपत्र शिलबन्दी भइसकेकोले अब पुनः गणना गर्न नसकिने जवाफ फर्काएपछि आफू अन्यायमा परेको उनको भनाई छ । मंगलबार सो बिरुद्ध अदालतमा रिट हाल्ने र अदालतबाट न्याय पाउने विश्वास उनले व्यक्त गरेका छन् ।

## रुपनी गाउँपालिकामा विजयी उत्सव मनाउन सार्वजनिक विदा



रुपनी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रुपनी, सप्तरी
मधेश प्रदेश, नेपाल

प.स : २०७८।०७९
च.नं : १६९०

☎ ०३१-५५००३२
मिति : २०७९।०२।०९ गते

विषय : सार्वजनिक विदा सम्बन्धमा ।

मिति २०७९।०१।३० गते सम्पन्न स्थानीय तह निर्वाचनमा यस गाउँपालिकाबाट नवनिर्वाचित पदाधिकारीहरुको विजय उत्सव मनाउने प्रयोजनका लागि रुपनी गाउँपालिकाका नवनिर्वाचित अध्यक्ष श्री दिनेश कुमार यादव ज्यूको आदेशानुसार गाउँपालिका क्षेत्र भित्रका सरकारी कार्यालय, संघसंस्था, शिक्षण संस्था, स्वास्थ्य संस्थाहरु लगायत सम्पूर्ण कार्यालयहरुमा आज मिति २०७९ जेष्ठ ९ गते सोमबारका दिन सार्वजनिक विदा दिइएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

अरबिन्द कुमार चौधरी
प्रमुख प्रशासकिय अधिकृत

अरविन्द कुमार चौध
प्रमुख प्रशासकिय अधिकृ

**दैनिक समाचारदाता**
**राजविराज, ९ जेठ ।**

सप्तरीको रुपनी गाउँपालिकाले नवनिर्वाचित जनप्रतिनिधिहरुको विजय उत्सव मनाउन सोमबार सार्वजनिक विदा दिएको छ ।

विजय उत्सव मनाउन सार्वजनिक विदा दिने रुपनी गाउँपालिका जिल्लामै पहिलो गाउ पालिका समेत बनेको छ ।

अघिल्लो दिन घोषित परिणाम अनुसार उक्त गाउँपालिकामा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) बाट दिनेश कुमार यादव अध्यक्ष तथा सोही पार्टीका पुष्पा श्रेष्ठ लौगी उपाध्यक्ष पदमा निर्वाचित भएका हुन् ।

प्रमुख प्रशासकिय अधिकृत अरबिन्द चौधरीले नव निर्वाचित अध्यक्ष यादवको आदेशमा सार्वजनिक विदाको सूचना जारी गरिएको बताए ।

प्रमुख प्रशासकीय अधिकृत चौधरी कै हस्ताक्षर रहेको चलानी नम्बर १६९० मिति २०७९/२/९ को सार्वजनिक विदा सम्बन्धी सूचना पत्रमा नवनिर्वाचित अध्यक्ष यादवको आदेशमा विजय उत्सव मनाउन पालिका क्षेत्र भित्रका सबै सरकारी कार्यालय, स्वास्थ्य संस्था र शिक्षण संस्थाहरुमा सोमवार सार्वजनिक विदा दिइएको उल्लेख छ ।

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

# बलात्कारसम्बन्धी कानुनमा हदम्याद खारेज गर्न माग

काठमाडौँ, ९ जेठ (रासस) ।

महिला अधिकारकर्मीले बलात्कारसम्बन्धी कानुनमा तत्काल संशोधन गरी हदम्याद खारेज गर्न माग गरेका छन् । उहाँहरुले नाबालिका, किरोशी तथा महिलाको भयरहित वातावरणमा स्वतन्त्र एवं सुरक्षित भई बाँच्न पाउने अधिकार सुनिश्चित गर्न बलात्कारसम्बन्धी फितलो कानुनलाई तत्काल संशोधन गर्न, पीडितलाई तत्काल न्याय दिलाउनसमेत सरोकारवाला निकायको ध्यानाकर्षण गराउनुभएको छ ।

समृद्धि फाउण्डेसन नेपालको आयोजनामा सोमबार विभिन्न सङ्घसंस्थाका महिला अधिकारकर्मी तथा सञ्चारकर्मीले राष्ट्रिय महिला आयोग पुगेर सो विषयमा ध्यानाकर्षण गराउनुभएको हो । फाउण्डेसनका अध्यक्ष सङ्गीता श्रेष्ठले आयोगका सदस्य कृष्णकुमारी पौडेल खतिवडालाई ध्यानाकर्षण पत्र बुझाउँदै हालै मात्र एक युवतीले सार्वजनिक गरेको आठ वर्षअघि आफू बलात्कार भएको घट्नाले सिङ्गो समाजलाई स्तब्ध बनाएको उल्लेख गर्नुभयो ।

अध्यक्ष श्रेष्ठले भन्नुभयो, "न्याय पाइने आशामा हिम्मत जुटाएर आफनो भोगाइ सार्वजनिक गरेकी पीडितले थप पीडा तब भोग्नु पर्‍यो जब उनलाई यो थाहा भयो कि हाम्रो देशमा बलात्कारको घटनामा उजुरी दिने हदम्याद केवल एक वर्ष मात्र रहेको छ ।"

ती युवतीले सन् २०१४ मा आफूले भाग लिएको मिस ग्लोबल इन्टरनेशनल नामक एक सौन्दर्य प्रतियोगिताका आयोजक मनोज पाण्डेले आफूलाई झुक्याएर नशालु पदार्थ पिलाइ, बलात्कार गरी, बेहोसी अवस्थामा नग्न तस्बिर खिची त्यसैलाई आधार बनाइ डराइ धम्काइ, ब्ल्याकमेल गरी छ महिनासम्म आफूलाई बारम्बार बलात्कार गर्दै आएको कुरा सार्वजनिक गर्नुभएको छ । त्यसताका उनको उमेर मात्र १६ वर्ष रहेको थियो ।

अध्यक्ष श्रेष्ठले बलात्कार जस्तो अत्यन्तै पीडादायी घटनाको शिकार बनेकी कुनै पनि बालिका, किशोरी वा महिलालाई त्यो बेलाको विक्षिप्त अवस्थाबाट सामान्य अवस्थामा फर्कन वर्षौं वर्ष लाग्ने बताउँदै बलात्कार जस्तो जघन्य अपराधमा सलंग्न अपराधीलाई समाउन हदम्याद किन भनी प्रश्न गर्नुभयो । उहाँले यस्ता दःुखदायी घटनालाई रोक्न आयोगले अहम भूमिका निभाउनुपर्ने देखिएको बताउँदै पीडितलाई तत्काल न्याय दिलाउन र हदम्याद खारेज गर्न ध्यानाकर्षण गराउनुभयो ।

ध्यानाकर्षण पत्र बुझ्दै सदस्य खतिवडाले सो घट्ना सार्वजनिक गरेलगत्तै आयोगले गम्भीर भएर अभियुक्तलाई पक्राउ गरी कारबाही प्रक्रिया अघि बढाउनु सम्बन्धित निकायलाई दबाब दिएको बताउनुभयो । उहाँले त्यस्तालाई कारबाही गर्न कानुनी मूल्य मान्यता रहेको बताउँदै हदैसम्मको कारबाहीका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

साथै उहाँले त्यस्ता कानुनी क्षिद्र हटाउनका लागि तत्काल हदम्याद खारेज गर्न आजैका मितिदेखि आयोग अघि बढनेसमेत स्पष्ट पार्नुभयो । सदस्य खतिवडाले आयोगले मुलुकका विभिन्न क्षेत्रबाट पीडित बालिका,

***बाँकी तीन पृष्ठमा***

# सरकारको नीति तथा कार्यक्रम मंगलबार : कस्ता आउलान् नयाँ कार्यक्रम ?

***- रमेश लम्साल***

काठमाडौँ, ९ जेठ (रासस) ।

आगामी आर्थिक वर्षका लागि सरकारको नीति तथा कार्यक्रम मङ्गलबार राष्ट्रपति विद्यादेवी भण्डारीले सङ्घीय संसद्को संयुक्त बैठकमा प्रस्तुत गर्नुहुने कार्यक्रम तय भएको छ ।

गठबन्धन सरकारको तर्फबाट आर्थिक विकास, कोरोनापछिको पुनरुत्थान, ऊर्जा क्षेत्रको दीर्घकालीन विकास तथा कृषि, रोजगारीको विस्तार एवं अन्य आर्थिक सामाजिक उन्नयनका कार्यक्रम समावेश गरिएको नीति तथा कार्यक्रमप्रति आम नागरिकको चासो उत्तिकै बढेर गएको छ ।

नीति तथा कार्यक्रम प्रस्तुत गर्न सङ्घीय संसद्को बैठक मङ्गलबार अपराह्न ४ बजेका लागि बोलाइएको छ । चालु आवका लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्ने समय आउनै लाग्दा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले दोस्रो पटक प्रतिनिधिसभा विघटन गरेका कारण सरकारको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत हुन सकेन ।

संवैधानिक व्यवस्था अनुसार हरेक वर्षको जेठ १५ गते संघीय सरकारको आय व्ययको विवरण ( बजेट) प्रस्तुत गर्ने समय निर्धारण गरिएको छ । त्यसको एक साता अगाडि सरकारको नीति तथा कार्यक्रम प्रस्तुत हुँदै आएको थियो । नीति तथा कार्यक्रममा नै केन्द्रीत रहेर बजेट प्रस्तुत गर्ने कार्यसूची तय हुँदै आएको भएपनि २०७८ जेठ ८ गते मध्यरात पुनः प्रतिनिधिसभा विघटन गरियो ।

यद्यपी, सो विघटनलाई सर्वोच्च अदालतले गत असार २८ गते अवैध ठहर गर्दै पुनः स्थापना गरिदियो । सोही पृष्ठभूमिमा वर्तमान सरकार गठन भएको हो । चालु आवका लागि राष्ट्रपतिले संघीय संसदको संयुक्त सदनमा वाचन गरी पेश हुने नीति तथा कार्यक्रम २०७८ जेठ १४ गते सिंहदरबारबाट बाचन गरियो ।

बजेट पनि त्यस्तै गरियो र अध्यादेशबाट जारी गरियो । आउन त जेठ १५ गते नै आयो । तर, विघटित प्रतिनिधिसभामा पेश हुन पाएन । सर्वोच्च अदालतको आदेशअनुसार तत्कालीन प्रधानमन्त्रीको गलत परिघटनाबाट पाठ सिक्दै यस पटक भने संघीय संसद्मा नै नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्ने कार्यसूची तय भएको छ ।

नीति तथा कार्यक्रमका बारेमा छलफल गर्न गठबन्धन दलहरुबीच शनिबार प्रधानमन्त्री निवास बालुवाटारमा बैठक बसेको थियो । बैठकमा नीति तथा कार्यक्रमलाई व्यवहारिक र समायनुकूल बनाउने विषयमा छलफल भएको बताइएपनि आधिकारिक रुपमा केही बताइएको छैन ।

गठबन्धन आवद्ध दलका नेताहरुले सरकारको नीति तथा कार्यक्रमले राष्ट्रिय आवश्यकता, जनताको चाहना र अर्थतन्त्रमा देखिने भनिएको समस्या समाधानका लागि केन्द्रीत हुनुपर्ने सुझाव प्रधानमन्त्री शेरबहादुर देउवालाई दिएको बताइन्छ ।

यस्तै, संघीय संसद र प्रदेशसभाको निर्वाचन पनि यसै वर्ष गर्नुपर्ने कार्यसूची छ । २०७४ मङ्सिरमा भएको प्रतिनिधिसभा र प्रदेशसभाको कार्यकाल सकिन लागेको सन्दर्भमा निर्वाचनलाई समेत केन्द्रमा राख्नुपर्ने आवश्यकता छ ।

प्रतिनिधिसभा विघटन र चुनावको घोषणा गरेको तत्कालीन ओली नेतृत्वको कामचलाउ सरकारले गत वर्ष संविधान बमोजिम 'नीति तथा कार्यक्रम' प्रस्तुत गरेन । तर, प्रधानमन्त्री ओलीले २०७८ जेठ १४ गते राष्ट्रका नाममा सम्वोधन गर्दै अनौपचारिक तवरबाट 'नीति तथा कार्यक्रम' वाचन गर्नुभयो ।

राष्ट्रपतिले दुवै संदनको संयुक्त बैठकमा सरकारको आगामी आवका लागि नीति तथा कार्यक्रम वाचन गर्ने संवैधानिक व्यवस्था भएपनि प्रतिनिधिसभा विघटन गरिँदा चालु आव नीति तथा कार्यक्रमविहिन भयोभन्दा पनि अत्युक्ति नहोला ।

बजेट पनि अध्यादेशमार्फत ल्याइयो । पुनः वर्तमान सरकारले प्रतिस्थापन विधेयक ल्याउनुपर्‍यो । गत वर्ष बजेट निर्माण र घोषणाका संवैधानिक प्रक्रियाहरु पनि पूरा हुन पाएनन् । अनौपचारिक रुपमा राष्ट्रको नाममा सम्बोधन गरेर तत्कालीन प्रधानमन्त्रीले कोभिड महामारी र देशको राजनीतिक विषयवस्तुका बारेमा बढ्ता केन्द्रीत गर्नुभएको थियो ।

उहाँले विश्वमा खोपको असमान वितरण बहसको विषय भएको उल्लेख गर्दै महामारीमा विभिन्न देशबाट नेपाललाई प्राप्त भइरहेको सहयोगप्रति धन्यवाद दिनुभएको थियो । नीति तथा कार्यक्रम नभनिएपनि राष्ट्रको नाममा सम्बोधन भनिएको उक्त 'अघोषित नीति तथा कार्यक्रम' मा नयाँ विषय भने खासै समावेश थिएनन् । कूल ७२ बुँदामा समेटिएको उक्त सम्बोधनमा कोरोनाका विषय र तत्कालीन नेकपाभित्रको विवादका विषय र प्रतिनिसभा विघटन गर्नु पर्नाको औचित्य पुष्टि गर्न खोजिएको थियो ।

अघिल्लो वर्षको तितो यथार्थ इतिहासलाई सुरक्षित गर्दै वर्तमान सरकारले यस पटक संवैधानिक प्रक्रिया अनुसार नै नीति तथा कार्यक्रम ल्याउने भएको छ । सदनको संयुक्त बैठक, राष्ट्रपतिको सम्बोधनका लागि आवश्यक तयारीलगायतका कामलाई संघीय संसद सचिवालयले अगाडि बढाएको छ ।

गठन्धनमा आवद्ध दल र तिनका नेताले गत वर्ष ओलीले राष्ट्रका नाममा गरेको सम्बोधनलाई नीति तथा कार्यक्रम नै मानेका थिएनन् । त्यसलाई कामचलाऊ प्रधानमन्त्रीको 'असंवैधानिक गतिविधि पछिको राजनीतिक भाषण'को संज्ञा दिएका थिए ।

वर्तमान सरकारले स्थानीय तहको निर्वाचन सम्पन्न गरेको, संविधानलाई सही मार्गमा डोहोर्‍याएको तथा कोरोनापछिको पुनरुत्थानलगायतका कामलाई अगाडि बढाएको सन्दर्भमा आउन लागेको नीति तथा कार्यक्रम आफैमा महत्वपूर्ण हुने विश्वास लिइएको छ ।

विसं २०७८ जेठ १४ गते सार्वजनिक गरिएको 'अनौपचारिक नीति तथा कार्यक्रम'मा सम्वत् २१०० सम्मको दीर्घकालीन सोचअनुरूप विकासका सबै क्रियाकलापहरू निर्देशित हुने विषय समावेश थिए ।

अति कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुँदा पर्नसक्ने प्रभाव विश्लेषण गरी आवश्यक रणनीति एवं कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्ने, दिगो विकास लक्ष्य हासिल गर्ने विषयलाई ध्यानमा राख्ने तथा कोभिड महामारीले हाम्रो विकास यात्रालाई अवरुद्ध गर्न नपाओस् भन्ने कुरामा सजगता अपनाउने जस्ता विषय समावेश थिए ।

सबै अधुरा अपुरा परियोजनाहरू सम्पन्न गर्ने कार्यलाई प्राथमिकतामा राख्ने, पूरा हुन नसक्ने या महत्व गुमाएका परियोजनाहरूको पुनरावलोकन गरी आवश्यक निर्णय गर्ने विषय उल्लेख थिए ।

"व्यापार सन्तुलन कायम गर्ने नीति अन्तर्गत रहेर सौविध्यपूर्ण व्यापार सुविधाको पूर्ण उपयोग, व्यापार तथा पारवहनसम्बन्धी सन्धि, सम्झौता पुनरावलोकन, नेपाली उत्पादनको बजार पहुँच वृद्धि गर्न थप मुलुकसँग व्यापार सम्झौता, सार्वजनिक निजी व्यवसाय सम्वाद मञ्चलाई कार्यमूलक बनाउने र नेपाली उत्पादनलाई अवाञ्छित प्रतिस्पर्धाबाट जोगाउने व्यवस्था मिलाइनेछ । खानीहरूको पहिचान, उत्खनन्, प्रशोधन र प्रयोगलाई तीब्र पारिनेछ" अनौपचारिक नीति तथा कार्यक्रममा भनिएको थियो ।

तर, चालु आवमा व्यापार घाटा अझै बढेर गएको छ । विदेशी मुद्राको सञ्चिती ओरोलो लाग्दो क्रममा छ । अन्तर्राष्ट्रिय स्तरमा भएको पेट्रोलियम पदार्थको अत्याधिक मूल्यबृद्धिको मारमा नेपालसमेत परेको अवस्था छ ।

यसबाट अगाडि बढ्ने गरी स्पष्ट मार्गनिर्देशन सहितको नीति तथा कार्यक्रम र बजेट आउने संकेत अर्थमन्त्रीले शुक्रबार प्रतिनिधिसभाको बैठकमा गर्नुभएको सम्बोधनमा समेत केही संकेत गर्नुभएको थियो । उहाँले बजेटमा कृषि क्षेत्रलाई विशेष प्राथमिकतामा राख्ने संकेत गरेका सन्दर्भमा नीति तथा कार्यक्रमले पनि आत्मनिर्भर अर्थतन्त्र निर्माणमा मार्ग प्रशस्त गर्ने विश्वास लिइएको छ ।

# चटचाङ लागेर एक महिलाको मृत्यु

उदयपुर, ९ जेठ (रासस) ।

उदयपुर जिल्लाको कटारी नगरपालिका-११ गोठडाँडामा आइतबार दिउँसो वर्षासँगै परेको चटचाङबाट एक महिलाको मृत्यु भएको छ ।

कटारी इलाका प्रहरी कार्यलयका अनुसार चटचाङ लागेर गोठडाँडा बस्ने वर्ष ४५ को भक्तकुमारी बुढाथोकी मृत्यु भएको हो । आइतबार दिउँसो हावाहुरी र वर्षासहित चटचाङ खस्दा घरको दलानमा बसिरहनु भएकी बुढाथोकी सख्त घाइते हुनुभएको थियो ।

उहाँलाई उपचारका लागि तत्काल कटारी अस्पताल लगेर उपचार गर्ने क्रममा बेलुकी साँझ मृत्यु भएको प्रमुख प्रहरी नायब उपरीक्षक मानबहादुर राईले बताउनुभयो ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# सेवाग्राही आफैँले चालक अनुमतिपत्रको परीक्षा दिने दिन छान्न पाउने

काठमाडौँ, ९ जेठ (रासस)।

चालक अनुमतिपत्रको परीक्षाका लागि वर्षौं कुरेर पनि कार्यालयले भनेकै दिनमा दिनुपर्ने बाध्यता अन्त्य हुने भएको छ। यातायात व्यवस्था विभागले विगतका बाँकी परीक्षा सकिएपछि सेवाग्राहीले छानेको दिन र फारम भरेको केही दिनमा परीक्षा दिन पाउने व्यवस्था मिलाउने तयारी अघि बढाएको छ।

चालक अनुमतिपत्रको परीक्षाका लागि सेवाग्राहीले आफ्नो अनुकूलको दिन छान्न सक्ने व्यवस्था मिलाउन लागिएको विभागले जनाएको छ। अहिले यातायात व्यवस्था कार्यालय विगतमा सेवाग्राहीले भरेका फारमबाट परीक्षा सञ्चालन गरिरहेका छन्। विभागले भने अनुमतिपत्र छपाइसँगै नयाँ 'एप्लिकेसन' बनाउन लागेको छ। अनलाइन फारम भरेकाबाट परीक्षा १५ दिनभित्र क-कसको लिइने भनी प्रकाशित गरिने विभागका प्रवक्ता  ईश्वरीदत्त पनेरुले बताउनुभयो। त्यो चरणमा पालो आएका सेवाग्राहीले कुन कार्यालयबाट र कुन दिन परीक्षा दिने भनी छान्न पाउने उहाँले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "कार्यालयले यति सिट खाली भनेर देखाएपछि खालीमध्येको यो म बुकिङ गर्छु भनेर अनलाइनबाटै गर्न सक्नेछन्।" यसअघि कार्यालयले जुन दिन भन्यो त्यही दिन जानुपर्ने भए पनि अब दुई साताभित्र कुन दिन जाने भनी सेवाग्राही आफैँले खाली भएमा छानेर जान सक्ने प्रवक्ता पनेरुले बताउनुभयो। उहाँका अनुसार बस वा हवाईजहाजमा अनलाइन टिकट लिन जसरी नै कति सिट छ हेरेर खालीमा जान सकिन्छ त्यसैगरी आफ्नो परीक्षाको दिन बुकिङ गर्न पाइनेछ।

सेवाग्राहीले एउटा कोडिङ नम्बर पाउने र त्यसका आधारमा कार्यालयले बोलाउने उहाँले बताउनुभयो। फारम अनलाइनबाट भरे पनि सबै कुरा अनलाइनबाट नहुने हुँदा सेवाग्राही मेडिकल जाँच, नागरिकता पुष्टि गर्न कार्यालय जानुपर्छ। उहाँले भन्नुभयो, "यी सबै गरेर उपयुक्त दिनमा परीक्षा दिन जान सक्छन्।"

नयाँ प्रणालीमा पहिले अनलाइन राजस्व बुझाएपछि मात्रै फारम भर्ने व्यवस्था मिलाइएको छ। विगतमा फारम भरेर पास भएपछि मात्रै राजस्व तिर्ने व्यवस्था थियो। पहिले पैसा पर्दैन भनेर पनि धेरै सेवाग्राहीले भर्ने तर परीक्षमा सहभागी नभएको पाइएको छ। त्यसको नियन्त्रणका लागि पनि सुरुमा राजस्व तिर्ने व्यवस्था गर्न लागिएको हो।

यातायात व्यवस्था कार्यालयहरुले फारम भरेका धेरै सेवाग्राहीको परीक्षा लिन बाँकी भएकाले गत महिनाबाटै अनलाइन फारम स्थगित गरिएको छ। विगतमा फारम भरेका सबै सेवाग्राहीको जेठ १५ गतेसम्ममा परीक्षा लिइसकेर त्यसपछि मात्रै नयाँ खुलाइने तयारी विभागको छ। विगतमा फारम भरेको एक वर्षभन्दा बढी समयसम्म परीक्षाको पालो नआउने गरेकामा त्यो हटाएर केही दिनमा नै पालो आउने व्यवस्था मिलाइने विभागले बताउँदै आएको छ।

विगतमा फारम भरेकामध्ये कतिपय सेवाग्राही अझै सम्पर्कमा आएका छैनन्। काठमाडौँ उपत्यका बाहिरका कार्यालयले फारम भरेका सबैको परीक्षा लिइसकिएको बताएका छन् भने उपत्यकामा अझै पनि धेरै सेवाग्राही सम्पर्कमा आइसकेका छैनन्। उहाँले भन्नुभयो, "उपत्यकाका कार्यालयमा सेवाग्राहीको चाप भएकाले छापिएको पनि वितरण बाँकी छ।"

सफ्टवेयर अहिले एउटा प्रणालीबाट अर्कोमा जाँदा सबै विवरण पनि त्यसमा लैजानुपर्ने भएकाले नयाँ र पुरानो प्रणालीमा एकीकरण गर्न लागिएको उहाँले बताउनुभयो। पहिले भारतीय कम्पनीको प्रणाली रहेकामा अहिले नेपालले नै सञ्चालन गर्न 'ट्रान्सफर' को काम अहिले भइरहेको छ।

नेपालमा विसं २०७२ पुसमा मा 'स्मार्ट' चालक अनुमतिपत्र एकान्तकुनास्थित कार्यालयबाट सुरु भएको थियो।

एशियाली विकास बैंकको सूचना र सञ्चार प्रविधि ( आइसिटि) परियोजनाअन्तर्गत भएको सम्झौताका आधारमा चार छपाइ उपकरण (प्रिन्टर) र तीन लाख ५० हजार कार्ड खरिद गरिएको थियो। त्यसपछिका वर्षमा उपत्यकामा रहेका अरु यातायात कार्यालय ठूलो भन्याङ, जगाती र चावहिल कार्यालयमा उक्त प्रणाली विस्तार गरिएको थियो।

उपत्यकामा मात्रै 'स्मार्ट' चालक अनुमतिपत्र सुरु भइरहँदा नै उपकरण र कार्ड व्यवस्थापन हुन नसक्दा सेवाग्राहीले समयमै अनुमतिपत्र पाएका थिएनन् भने उपत्यका बाहिर विस्तार भएपछि यो समस्या अझै बढेको थियो। आव २०७३/७४ मा ठेक्कामार्फत नै सात लाख ५० जहार कार्ड र चार थान छपाइ उपकरण खरिद गरिएको थियो। प्रतिघण्टा ६० कार्ड मात्र छाप्ने क्षमताका उपकरणका कारण विस्तारै छाप्नुपर्ने अवस्था सिर्जना भएको थियो।

उपकरणकै कारण ढिलाइ भएकाले विभागले विसं २०७६ मा धेरै सङ्ख्यामा एकै पटक कार्ड छाप्न सक्ने उपकरण ( मास प्रिन्टर) खरिद गरेको थियो। मदरास सेक्युरिटि प्रिन्टिङबाट खरिद गरिएको उपकरणको क्षमता प्रतिघण्टा ४५० कार्ड छाप्ने छ।

देशभरका सबै कार्यालयबाट 'स्मार्ट' कार्ड लागू भएपछि झण्डै आठ लाख कार्ड छाप्न बाँकी भएकामा २०७६ चैतदेखि सरकारले बन्दाबन्दीले गर्दा यातायातका कर्मचारीले छपाइ सकेका थिए। त्यतिबेलासम्म विभागसँग छाप्न बाँकी ( खाली) कार्ड झण्डै दुई लाख मात्र रहेकामा विसं २०७६ फागुनमा थप १४ लाख कार्ड खरिदका लागि प्रक्रिया अघि बढाइएको थियो।

कोभिडका कारण केही समय प्रक्रिया अघि बढ्न नसकेकामा पुनः प्रक्रिया अघि बढाएर फ्रान्सेली कम्पनीसँग कार्ड खरिदको सम्झौता भएको थियो। मदरास कम्पनीले कार्ड र 'मास प्रिन्टर' दुबै एउटै कम्पनीले खरिद गर्दा समस्या नआए पनि अहिले कम्पनीले पठाएको नमूना यहाँको सफ्टवेयरमा मिलाउन भने समस्या भएको थियो। कहिले उपकरणको क्षमता कम त कहिले कार्डको अभावका कारण विगतका वर्षमा अनुमतिपत्र छापिएर आउन लामो समय लागेको थियो। अहिले छपाइको समस्या भने समाधान भइसकेको छ।

अनुमतिपत्र छाप्न समय लाग्ने मात्रै होइन लामो समय कुरेर पाएका कार्डमा समेत समय समयमा समस्या आएको पाइन्छ। लामो समय रोकिएर एकै पटक कार्ड छापिँदा यातायात कार्यालयमा सेवाग्राहीको भीड हुने गरेको छ। त्यसो त गत वर्षमा कोभिडका कारण त यो वर्ष पहिले भरेकाको परीक्षा लिइसक्ने भन्दै अनलाइन फारम नियमित छैन। सेवा नियमित नहुँदा फारम भर्न चाहनेको सङ्ख्या बढ्दै छ। संविधानअनुसार तीन तहका सरकारको अधिकार क्षेत्र तोकिँदा यातायात क्षेत्र तीनै तहको साझा अधिकार क्षेत्रमा परेको छ।

एक स्थानीय तहभित्र चल्ने सवारीसाधनको व्यवस्थापनको जिम्मेवारी पालिका, दुई वा त्योभन्दा बढी पालिकामा चल्नेको प्रदेश र अन्तरप्रदेश चल्ने सवारीसाधनको व्यवस्थापनको जिम्मेवारी सङ्घीय सरकारको हुने उल्लेख छ।

प्रदेश कार्यालयले अनुमतिपत्रको परीक्षा सञ्चालन, नवीकरण र वितरण गर्दै आएको छ। सङ्घीय सरकारको जिम्मेवारीमा अनुमतिपत्र छपाइ र सफ्टवेयर छ। फरक सरकारबीच समन्वय नहुँदा समय समयमा सेवाग्राहीले समस्या भोग्दै आएका छन्।

---

*बलात्कार...*

किरोशी तथा महिलालाई उद्धार गरी पुनःस्थापना गर्दै आएको समेत जानकारी गराउनुभयो।

आयोगका अध्यक्ष कमला पराजुलीले घट्ना सार्वजनिक भएलगत्तै पीडक फरार नहोस् भनेर आयोगले सुरक्षा निकायसँग समन्वय गरेको उल्लेख गर्दै पीडित युवतीलाई वरिष्ठ काउन्सिलरबाट काउन्सिलीङसमेत भइरहेको जानकारी गराउनुभयो। उहाँले विभिन्न कानुनविज्ञसँग छलफल गरी यस्ता कानुनलाई सबल बनाउन र हदम्याद खारेज गर्न पहलका लागि छलफल गर्नेसमेत बताउनुभयो। कार्यक्रममा विभिन्न क्षेत्रका अधिकारकर्मी तथा सञ्चारकर्मीको उपस्थिति थियो।


## डा. आदर्श कुमार सिंह

**Dr. Adarsh Kumar Singh**



MBBS, MD TU
NMC Reg. No. : 9413

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

## डा. ललन प्रसाद रौनियार

**Dr. Lalan Prasad Rauniyar**



MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

वरिष्ठ नवजात शिशु तथा बालरोग

**सम्पर्क : जयश्री कृष्ण फार्मेशी**

गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी

**Phone :** 031-533774 / **Mo. No** : 9819721526,  9852820734


## विश्व समाचार

### सुडानमा चरम खाद्य सङ्कट

खार्तोम, ९ जेठ (रासस/सिन्हवा)।

सुडानका नागरिकले चरम खाद्य सङ्कट भोग्नुपरिरहेको बताइएको छ। यहाँका अधिकारीहरुले दिएको पछिल्लो जानकारीअनुसार यहाँका नागरिकले इतिहासमै सबैभन्दा ठूलो खाद्य सङ्कट व्यहोर्नुपरेको अवस्थाका बारेमा बताएका छन्।

यहाँका केही विज्ञहरुले पछिल्लो समयमा सार्वजनिक गरेको तथ्यांकमा सुडानका करिब १ करोड ८० नागरिकले खाद्य संकटको समस्या भोग्नुपरिरहेको छ।

सुडानको खाद्य क्षेत्र स्का अधिकारीहरुका अनुसार यहाँको ४ करोड ५ लाख जनसंख्यामध्ये १ करोड ८० लाख नागरिकले नै खाद्यान्नको समस्या झेल्नुपरिरहेको छ। यहाँ खाद्यान्नको संकट हुनुमा रुस र युक्रेनका बीचको  द्वन्द्ध पनि रहेको छ। साथै यहाँका नागरिकमा आन्तरिक द्वन्द्ध र आर्थिक अवस्था पनि जोडिएको छ।

त्यसैगरी कृषि उत्पादनमा हुन पुगेको ह्रासले पनि यो अवस्था आएको अधिकारीहरुले जनाएका छन्। युक्रेन र रुसबाट सुडानमा खाद्यान्न आपूर्ति हुने गरेकामा अहिले त्यस्तो अवस्था नरहेकाले पनि संकट आइपरेको अधिकारीरुको भनाई रहेको छ।

### हरेक दुई दिनमा १० करोड मानिसलाई कोभिड परीक्षण गर्ने

बेइजिङ, ९ जेठ (रासस/एएफपी)।

चीनको हेनान प्रान्तले करिब १० करोड मानिसहरुलाई प्रत्येक दुई दिनमा कोभिड परीक्षण गराउन आदेश दिएको छ। चीनमा ओमिक्रोन भेरियन्टसँग लड्ने यो अभूतपूर्व कदम हो।चीनले आफ्नो शून्य-कोभिड नितीलाई निरन्तरता दिएको छ। धेरै शहरहरूमा कडा तालाबन्दी र आवागमन प्रतिबन्धलगाएर कोरोना भाइरस सङ्क्रमणलाई रोक लगाएको छ।

हेनानको प्रान्तीय राजधानी झेङझाउमा मेको अन्त्य भन्दाअघि नै परीक्षण सुरु हुने अधिकारीहरुले जनाएका छन्। हरेक दुई दिनमा कोभिड परीक्षण गर्ने नितीले सम्भावित जोखिमहरु चाँडै पहिचान गर्न मद्दत गर्ने छ।कोभिडविरुद्धका नियम पालना  नगर्ने बासिन्दाहरूलाई सार्वजनिक स्थानहरूमा प्रवेश गर्न वा यातायात सेवा लिन  आवश्यक कोडहरू स्क्यान गर्न समस्या हुने समाचारमा जनाइएको छ।

### द्वन्द्वका कारण विश्वभरी १० करोड विस्थापित : राष्ट्रसंघ

जेनेभा, ९ जेठ (रासस/एएफपी)।

द्वन्द्वका कारण विश्वभरी कम्तीमा दश करोड मानिस विस्थापित भएका छन्। संयुक्त राष्ट्रसंघले सोमबार सार्वजनिक गरेको विवरणमा जवरजस्ती यति धेरै मानिस विस्थापित भएको यो दुर्लभ घटना भएको उल्लेख गरिएको छ।विस्थापित भएकाहरुहरु माथि मानवअधिकारको उलङ्घन, हिंसात्मक घटना र द्वन्द्वको असर परेको राष्ट्रसंघीय अधिकारीहरुले जनाएका छन्।

विस्थापितमध्ये सबैभन्दा धेरै युक्रेनमाथि रुसले आक्रमण गरेपछि सुरु भएको द्वन्द्वका कारण विस्थापित भएका छन्। त्यस बाहेक अफगानिस्तान, बुर्किना फासो, लोकतान्त्रीक गणतन्त्र कङ्गो, इथियोपिया, म्यानमार, नाइजेरियालगायतका देशमा भएका द्वन्द्वले पनि धेरै मानिस विस्थापित भएका छन।

युक्रेनले आफ्नो भूभाग त्यागेर रुससँग कुनै युद्धविराम सम्झौता नगर्ने जनाएको छ। राष्ट्रपतिका एकजना सल्लाहकारले युक्रेनको भूभाग छोड्नु पर्ने गरी युद्धविराम गर्ने प्रयासले अझ ठूलो र रक्तपातपूर्ण हुने चेतावनी दिनु भएको हो। यसअघि युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्सीले कूटनीतिबाट मात्र अहिलेको युद्ध सुल्झाउन सकिने अभिव्यक्ति दिनु भएको थियो।

### श्रीलङ्कामा थप ८ मन्त्रीद्वारा शपथग्रहण

कोलम्बो, ९ जेठ (रासस/सिन्ह्वा)।

श्रीलङ्कामा गठित नयाँ सरकारमा आठ मन्त्री थप गरिएको छ। उनीहरुलाई सोमबार राष्ट्रपति गोटावाय राजापाक्षसमक्ष सपथ खुवाइएको सरकारी अधिकारीहरुले जानकारी दिएका छन्।देशमा उत्पन्न आर्थिक तथा राजनीतिक सङ्कट समाधान गर्ने भन्दै अघिल्लो हप्ता नयाँ सरकार गठन गरिएको थियो।

त्यही सरकार विस्तार गर्ने क्रममा सोमबार ८ मन्त्री थपिएका हुन। राष्ट्रपति राजापाक्षले अघिल्लो हप्ता रनिल विक्रमासिङ्घेलाई प्रधानमन्त्रीमा नियुक्त गर्नु भएको थियो।

देशमा उत्पन्न आर्थिक तथा राजनीतिक सङ्कटको मुख्य कारण तत्कालीन सरकार भएकाले विघटन गर्नु पर्ने माग गर्दै आन्दोलन भइरहेको थियो।

लगातारको आन्दोलनका कारण तत्कालिन प्रधानमन्त्री महेन्दा राजापाक्षले प्रधानमन्त्रीबाट राजीनामा दिएपछि विक्रमासिङ्घेलाई नियुक्त गरिएको हो। नयाँ प्रधानमन्त्री विक्रमासिङ्घेले सरोकारवालाहरुसँग सहकार्य गर्ने, छलफल गर्नेलगायतका क्रियाकलाप मार्फत आर्थिक सङ्कट समाधानका उपायहरु अपनाउन थाल्नु भएको छ।

उहाँको मन्त्रीपरिषद्मा मत्स्यपालन मन्त्री दौग्लास देवानन्द, जल तथा आपूर्ति मन्त्री केहेलीया रामाबुक्वेला, कृषि मन्त्री महिन्दा अमारावीरा र उद्योग मन्त्री रमेश पथिरानालाई बनाइएको छ।

# ‘बलात्कारीलाई कार्बाहीको कानून संशोधन चालू अधिवेशनमै’

काठमाडौँ, ९ जेठ (रासस)।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री उमा रेग्मीले बलात्कार गर्नेलाई कानूनी कार्बाहीको प्रक्रियामा ल्याउन कानून संशोधन गर्न चालू अधिवेशनमा सरकारी विधेयक संसद्मा पेश गर्न पहल गर्ने प्रतिबद्धता जनाउनुभएको छ।

प्रतिनिधिसभा, महिला तथा सामाजिक समितिको सोमबारको बैठकमा मन्त्री रेग्मीले आफ्नो पहल सफल नभए दबाबका लागि सबै महिलाको सहयोग माग्ने बताउनुभयो। ‘यौन हिंसा/दुर्व्यवहारसम्बन्धी विद्यमान हदम्यादको व्यवस्था’ छलफल गर्ने विषयमा समितिमा भएको बैठकमा मन्त्री रेग्मीले बलात्कारका विषयमा उजुरी गर्न हदम्याद राख्न नहुने बताउनुभयो।

“यस विषयमा छलफल गर्न सोमबारै मन्त्रालयमा बैठक डाकेकी छु, मन्त्रालयमा छलफल गरी कानून मन्त्रालय एवं सरोकार भएका निकायको रायसुझावका आधारमा कानून संशोधनको प्रक्रिया अघि बढ्छ”, उहाँले भन्नुभयो।

**मन्त्रालयको बजेट सिलिङ एक अर्ब ४५ करोड**

जनसङ्ख्याको ७५ प्रतिशत नागरिकको प्रतिनिधित्व गर्ने मन्त्रालयलाई रु ८० करोड बजेट विनियोजन गर्ने गरेकामा यस वर्षदेखि रु एक अर्ब ४५ करोडको सिलिङ तोक्न सफल भएको मन्त्री रेग्मीको भनाइ थियो।

जिल्लास्थित महिला कार्यालय हटाउँदा महिलाको विषय लिएर सम्पर्क गर्ने स्थान पनि नभएर मन्त्रालयमै आउनुपर्ने अवस्था रहेकाले जिल्ला समन्वय समितिमा सम्पर्क एकाइ राख्ने गरी सरकारको नीति तथा कार्यक्रम र बजेटमा व्यवस्था गर्न मन्त्रालयले माग गरेको छ।

कानून, न्याय तथा संसदीय मामिलामन्त्री गोविन्द बन्दीले महिलामाथि हुने बलात्कारका दोषीलाई कारबाही गर्न कानूनमा के संशोधन गर्न सकिन्छ भनी सोमबारै आफूले कानून आयोगसँग छलफल गरेको जानकारी दिनुभयो। संशोधन गर्नुपर्ने विषय अध्ययन गरी ल्याउन आयोगलाई निर्देशन दिएको पनि उहाँले बैठकमा सुनाउनुभयो। सरकार कानून संशोधन गर्न प्रतिबद्ध रहेको जानकारी पनि मन्त्री बन्दीले दिनुभयो।

समिति सभापति निरुदेवी पालले महिला, कानून, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलगायत सरोकारवाला निकायबीच छलफल र समन्वय गरी छिटो कानून संशोधन गर्न निर्देशन दिनुभयो। बलात्कार गर्नेलाई हदैसम्मको कानूनी कारबाही गर्ने व्यवस्था गरी कार्यान्वयन गर्न समितिले सरकारको ध्यानाकर्षण गराएको छ।

बैठकमा सांसदहरु पुष्पा भुसाल, विनाकुमारी श्रेष्ठ, बिमला विक, अनिता देवकोटा, विमला राई पौडेल, प्रमिलाकुमारी, विन्दा पाण्डे, अमृता थापा, ध्रुवकुमार शाही, लक्ष्मी परियार, नारायण खतिवडा, अञ्जना विसङ्खे, हीरा गुरुङ, थममाया थापालगायतले बलात्कारका घटनामा हदम्यादभित्र उजुरी गर्ने व्यवस्था व्यावहारिक नभएको भन्दै यसको संशोधन गरिनुपर्नेमा जोड दिनुभयो।

पछिल्लोपटक एक महिलाले सामाजिक सञ्जालमा विसं २०७१ को सुन्दरी प्रतियोगिताका आयोजकले होटलमा बोलाएर बलात्कार गरेको घटना सार्वजनिक गरेपछि यस विषयमा बहस चलेको छ। पीडितले नौ वर्षसम्म बोल्न नसकी यससम्बन्धी अध्ययन गरेर विषय बाहिर ल्याएको उल्लेख गर्दै समितिले दोषी कानूनी कारबाहीबाट उन्मुक्ती नहुने वातावरण बनाउन जोड दिएको छ।

कार्यक्रममा गृहसचिव टेकनारायण पाण्डेले दोषीलाई कानूनी कारबाहीको प्रक्रियामा ल्याउन कुनै कसर बाँकी नराखिने प्रतिबद्धता जनाउनुभयो।

# सत्याल पब्लिकेसनले १० हजार शिक्षकलाई रोजगारी दिने

काठमाडौँ, ९ जेठ (रासस)।

सत्याल पब्लिकेसनका उत्पादन अब डिजिटलरूपमा पाइने भएको छ। पब्लिकेसनले तयार गरेको ‘सत्याल द लर्निङ प्लेटफर्म’को आइतबार सार्वजनिक गरिएको छ।

शिक्षालाई पूर्ण डिजिटलाइजेसन गर्ने उद्देश्यले पब्लिकेसनले द वर्ल्डलिन्कसँग मिलेर सफ्टवेयर बनाउने प्लेटफर्म प्रालिका कार्यकारी निर्देशक अश्विन सत्यालले जानकारी दिनुभयो। वर्ल्डलिन्कका कर्पोरेट निर्देशक लक्ष्मण यादवका अनुसार वर्षौंदेखि पाठ्यपुस्तक छाप्दै आएको कम्पनीले विद्यालय शिक्षालाई डिजिटलाइजेसन गर्न सफ्टवेयरको विकास गरेको हो।

विद्यालय जाने प्रणालीलाई परिवर्तन गर्दै सो एपमा इन-पुस्तक, स्मार्ट कक्षा, अनलाइन तथा हाइब्रिड कक्षा र परीक्षा, ट्युसन, असाइनमेन्ट आदि राखिनका साथै हाल ट्युसनमा १० हजार शिक्षकलाई आंशिक रोजगारी दिइने लक्ष्यका साथ शैक्षिक भविष्य बदल्ने योजना राखेको प्लेटफर्म प्रालिका कार्यकारी अध्यक्ष तथा सिइओ आर्यन सत्यालले जानकारी दिनुभयो।


## हार्दिक समवेदना



जन्म मिति
बि.सं. २०४०/०१/०१

**ममता देवी यादव**

स्वार्गारोहण
बि.सं. २०७९।०२।०३

यस संस्थाका शेयर सदस्य राजगढ गाउँपालिका वडा नं. १ (नर्घो) बस्ने श्रीमति ममता देवी यादवको २०७९ जेठ ०३ गते विहान ३९ वर्षको उमेरमा स्वर्गवास भएको हुँदा मृतक आत्माको चिरशान्तिको कामना गर्दै बैकुण्ठमा वास होस् भनी भगवानसँग प्रार्थना तथा परिवारजनमा हार्दिक समवेदना ब्यक्त गर्दछौं।

**जन ज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९, मलेठ परिवार**


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५–६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी–१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी–२ | स्टोकिङ्ग डेन्सिटी–३ | स्टोकिङ्ग डेन्सिटी–४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५


## डिप्रेसन गम्भीर प्रकृतिको मानसिक रोग हो।

यसका लक्षणहरु;

- दु:खी र निराश हुनु, कुनै कुरामा चाख र ध्यान केन्द्रित नहुनु,
- निन्द्रा धेरै लाग्नु वा नलाग्नु, थकान महसुस हुनु,
- कुनै पनि कुरामा खुशी नहुनु,
- जीवन मूल्यहीन ठान्नु र भविष्यप्रति आशावादी नहुनु,
- आत्महत्यासम्मको विचार आउनु,

यसबाट बच्न,

- परिवार, साथीभाई तथा समाजमा घुलमिल हुने,
- नियमित रुपमा शारिरिक अभ्यास, योग तथा ध्यान गर्ने,
- निश्चित समयमा सुत्ने र उठ्ने,
- स्वस्थ र सन्तुलित खाना खाने,
- धुम्रपान र मदिरापानजस्ता कुलतबाट टाढा रहने,
- बाबुआमा तथा अभिभावकले बालबालिकालाई समय दिने,
- केही समस्या देखिएमा तुरुन्त स्वास्थ्यकर्मीसँग परामर्श गर्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु




**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*